भिमाद नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# आ.व. २०८०/०८१ को आन्तरिक आयको ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(Electronic Bid Only)**

(दोस्रो पटक प्रकाशित मिति २०८०/०४/२९ गते )

भिमाद नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० को नियम १४१ बमोजिम आन्तरिक आयको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने प्रावधान अनुसार नगरकार्यपालिकाको मिति २०८०/०३/०५ को निर्णय अनुसार आ.व. २०८०/०८१ का लागि तपसिल बमोजिमका वस्तुको स्थानीय उत्पादन शुल्क दस्तुर संकलनका लागि कार्यालयले तोकेको न्यूनतम रकमबाट बढाबढ हुने गरी इ-बिडिङ्ग मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र बोलपत्र खरिद गरी फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व.२०७८/०७९ को करचुक्ता प्रमाणपत्र, ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित पेश गरी रितपूर्वकको बोलपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ। अन्य थप जानकारीका लागी यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभ साइट www.bhimadmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

तपसिल :

| ठेक्का नं. | विवरण | न्यूनतम रकम रु. (अग्रिम आयकर र मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी रकम | बोलपत्र खरिद वा दाखिला गर्ने अवधी |
|---|---|---|---|---|---|
| ९/आय/ भि.न.पा/० ७९/०८० | आ.व. २०८०/०८१ को लागि नगरपालिकाको आफ्नो क्षेत्रभित्र उत्पादन हुने वस्तु वा अन्य माल सामानमा आफ्नो नगरपालिकाबाट बाहिर लैजादा स्थानीय उत्पादन शुल्क उठाउने कार्य। | ५५,००,०००।- (अक्षेरुपी पचपन्न लाख मात्र) | ३,०००।- (अक्षेरुपी तीन हजार मात्र) | ५,५०,०००।- (अक्षेरुपी पाच लाख पचास हजार मात्र) | सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२.०० बजे भित्र |

शर्तहरु:

बोलपत्र सम्बन्धी शर्तहरु:-

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको एन.आइ.सि.एसिया बैंक, भिमाद शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १०७२०५७५००६४९००३ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ। E-bidding मार्फत सहभागीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को **Website https://www.bolpatra.gov.np/egp** मा सबै कागजातहरु Scan गरी PDF Format मा बोलपत्र पेश गर्नुपर्नेछ।

टंकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

- बोलपत्र फारमहरु नियमानुसार यस नगरपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरीकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (मू.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष ०७८/०७९ को कर चुक्ता प्रमाण पत्र, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरप्याडमा कुनै कार्यमा कसुर नभएको र सजाय नपाएको भनी स्वः घोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF Format मा Upload गरी सूचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात मिति २०८०/०५/१२ गते दिनको १२:०० बजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted बोलपत्रहरु सोहि दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्रदाताले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरीएका फाइल Unreadale Format or Corrupted भएमा मूल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु, प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पूर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।
- बोलपत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक भिमाद शाखामा रहेको धरौटी खाता नं. **A7CA500649524004** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (बिडवन्ड) पेश गर्नुपर्नेछ। कबोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरीएको छ। पहिलो किस्ता न्यूनतम ५०% र बाँकी रकम दोस्रो किस्ता गरी २ किस्तामा बिभाजन गरिएको र पहिलो किस्ता न्यूनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरी बाँकीको हकमा बाँकी रकमको १०% रकम थप गरी जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट वि.स. २०८१ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। साथै बाँकी रकमको किस्ता २०८१ साल बैशाख मसान्त भित्र भुक्तानी गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।
- तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ। अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरीनेछ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन।
- बोलपत्र पेश गर्दा राखेको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईनेछ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापूर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ। रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ। सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।
- यस कार्यालयको सूचनामा प्रकाशन गरेको शर्त एबं अन्य कुराहरु र प्रचलित ऐन नियम अनुसारका शर्तहरु पालना गर्नुपर्नेछ।
- बोलपत्रदाताले स्थानीय उत्पादन शुल्क संकलन गर्दा २०८०/०८१ आ.व. को लागि नगर सभाले तोकेको दररेट भन्दा बढी हुने गरी शुल्क उठाउन पाईने छैन। उक्त दररेट भन्दा बढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोड्न नगरपालिका बाध्य हुनेछ।
- यस ठेक्काको लागि भिमाद नगरपालिकाबाट स्वीकृत तपसिल बमोजिमको दररेट प्रयोग गर्नुपर्नेछ।
- पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।

नगर कार्यपालिकाको कार्यालय
भिमाद नगरपालिका
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

- विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटीमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसिलः

| क्र.स | विवरण | इकाई | दररेट रु. |
|---|---|---|---|
| १. | ढुङ्गा, गिटी, बालुवा, ग्राबेल र रोडा | प्रति क्यु फिट | २.५० |
| २. | स्लेट | प्रति क्यु फिट | २.५० |
| ३. | भट्टामा प्रयोग गर्ने माटो | प्रति क्यु फिट | ०.३० |
| ४. | इट्टा निकासी | प्रति हजार | ५० |
| ५ | ब्लक निकासी | प्रति गोटा | ०.२० |
| ६ | पशु चौपाय सानो खसि बोका | प्रति गोटा | २० |
| ७ | पशु चौपाय ठुलो पाडा रागा बंगुर | प्रति गोटा | ५० |
| ८ | पक्षी कुखुरा हाँस लगायतका प्रजाति | प्रति गोटा | १ |
| ९ | अदुवा | प्रति क्वीन्टल | २० |
| १० | फलफूल सुन्तला केरा लगायतका फलफूल प्रजाति | प्रति क्वीन्टल | ५० |
| ११ | तरकारी | प्रति क्वीन्टल | २० |
| १२ | माछा | प्रति क्वीन्टल | २०० |
| १३ | कटीङ्ग ढुङ्गा | | |
| | १२ इन्च वा सो भन्दा ठुलो प्रति पिस | प्रति पिस | ०.५० |
| | १२ इन्च वा सो भन्दा सानो प्रति पिस | प्रति पिस | २५ |
| १४ | पानी | प्रति लिटर | ०.१० |
| १५ | साल जातको काठ गोलाँई | प्रति क्यु फिट | ३० |
| | साल जातको काठ चिरान | प्रति क्यु फिट | ५० |
| १६ | खयर जातको काठ गोलाई | प्रति क्यु फिट | २५ |
| १७ | सिसौ गोलाई | प्रति क्यु फिट | २० |
| | सिसौ चिरान | प्रति क्यु फिट | ३० |
| १८ | अन्य कुकाठ गोलाई | प्रति क्यु फिट | १० |
| | अन्य काठ चिरान | प्रति क्यु फिट | १५ |
| १९ | दाउरा | प्रति ट्याक्टर | ५०० |
| | | प्रति ट्रक | १५०० |
| २० | बाँस | प्रति घना | २ |
| २१ | सिसा | प्रति बोतल | रु.०.०५ |
| २२ | प्लाष्टिक | प्रतिकिलो | रु.०.१ |
| २३ | कवाडी कागज | प्रतिकिलो | रु.०.२५ |
| २४ | टिन तथा फलाम | प्रतिकिलो | रु. ०.५ |
| २५ | डढेको मोविल | प्रतिलिटर | रु.०.२५ |

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय

टेकनाथ दहाल
प्रशासकीय अधिकृत